नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिन्धुपाल्चोक

☎: ०११-६२०१०६
☎: ०११-६२०१३३
फ्याक्स : ०११-६२००८४
Email: daochautara@gmail.com
daosindhupalchok@gmail.com

पत्र.संख्या प्र.०७७/७८

चौतारा

# प्रेस विज्ञप्ति

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस (COVID-19) को संभावित संक्रमण रोकथाम तथा नियन्त्रणका लागि यस जिल्लाभित्र उच्च सावधानी अपनाई नेपाल सरकारको निर्णय र निर्देशन अनुरुप काम भैरहेको सबैमा विदितै छ । यसै सन्दर्भमा आज सहायक प्रमुख जिल्ला अधिकारी श्री बाबुराम खनालज्यूको अध्यक्षतामा बसेको **District Covid-19 Crisis Management Center (DCCMC)** को बैठकले निम्नानुसारका निर्णयहरु गरेको व्यहोरा सर्वसाधारणका लागि यसै प्रेस विज्ञप्ती मार्फत जानकारी गराइएको छ।

<u>निर्णयहरु:-</u>

१. प्रत्येक वडामा वडा अध्यक्ष र प्रत्येक गाउँटोलमा वडा सदस्यको संयोजकत्वमा कोरोना रोकथाम नियन्त्रण सहजीकरण समिति गठन गर्ने जसमा महिला स्वास्थ्य स्वयंसेविका, स्थानीय क्लव, आमा समूह लगायतका समाजका अग्रज व्यक्तित्वहरु सहभागि गराउने । उक्त समितिले निषेधाज्ञा तथा शिल गरिएका स्थानमा सम्पूर्ण कुराको सहजीकरण गर्नेछ । सो समितिमा आवश्यक देखिए नजिकको सुरक्षा निकायको प्रतिनिधित्व गराउन सकिने व्यवस्था मिलाउने । उपरोक्त समितिले समस्यामा परेका वा तत्काल अति आवश्यक कार्य गर्नुपरेमा स्थानीय तहको प्रमुख समक्ष सम्पर्क गरी आवश्यक व्यवस्थापन गर्नुपर्नेछ ।

२. जिल्ला भित्र कोभिड-१९ का विरामीहरु सबै स्थानीय तहहरुमा तिब्र रुपमा बृद्धि हुँदै गईरहेको र जिल्ला भित्र हाल ३०० भन्दा बढी सक्रिय संक्रमित रहेको कारण संक्रमण समुदाय स्तरमा थप फैलन नदिनको लागि मिति २०७८/०१/२२ मा जारी निषेधाज्ञाको शर्तहरु पूर्ण रुपमा पालना गर्न तथा बाँकी रहेका अन्य स्थानहरुमा मिति २०७८/०१/२६ गते बेलुका ६ बजे देखि २०७८/०१/३१ गते राती १२:०० बजेसम्म कायम रहने गरी नियमानुसार जिल्ला प्रशासन कार्यालयबाट निषेधाज्ञा आदेश जारी गर्ने ।

३. प्रत्येक स्थानीय तहले आफ्नो पालिका भित्र संचालित एम्वुलेन्सको तथ्यांक राखी आवश्यक परेको खण्डमा तत्काल उपलव्ध हुनेगरी स्थानीय तहको स्वास्थ्य शाखा प्रमुखलाई सम्पर्क गर्नसक्ने व्यवस्था मिलाउने र सो को जानकारी सम्पूर्ण वडाबासीमा जानकारी गराउने । होम आइसोलेसनमा बसेकाहरुको दैनिक स्वास्थ्य अवस्था बुझ्न स्थानीय तहले डेडिकेटेड कर्मचारी तोक्ने व्यवस्था मिलाउने र सो को जानकारी स्थानीय तहका सबै जनतालाई उपलव्ध गराउने ।

४. जिल्लाका विभिन्न स्थानीय तह नगरपालिका/गाउँपालिकाहरुमा समुदायस्तरमानै कोभिड-१९ का विरामीहरु पाईएकाले सो को रोकथाम नियन्त्रण गर्नको लागि प्रत्येक स्थानीय तहले कन्टयाक्ट ट्रेसिङलाई बढाउने अथवा परिक्षणको दायरा फराकिलो बनाउन स्थानीय तहले कार्यक्रम समुदायस्तरसम्म लैजाने सो को लागि आवश्यक सहजीकरण स्वास्थ्य कार्यालय र जिल्ला प्रहरी कार्यालयले गर्ने ।

स. प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिन्धुपाल्चोक

☎: ०११-६२०१०६
☎: ०११-६२०१३३
फ्याक्स : ०११-६२००८४
Email: daochautara@gmail.com
daosindhupalchok@gmail.com

पत्र.संख्या प्र.०७७/७८

चौतारा



५. स्वास्थ्य कार्यालयको समन्वयमा पहिचान गरेका क्षेत्रहरुमा कन्टयाक्ट ट्रेसिङ्ग र जोखिममा रहेका व्यक्तिहरुको स्याम्पलिङ गरी निःशुल्क स्वाव संकलन र परीक्षण गर्न ह्याम्स अस्पताल काठमाडौंलाई अनुरोध गर्ने । जिल्ला प्रवेश बिन्दुहरुमा रहेका होल्डिङ सेन्टरहरुमा प्रयोग गर्नका लागि कोभिड-१९ एन्टिजिन परिक्षण किट DCCMC लाई उपलव्ध गराईदिन समेत ह्याम्स अस्पताल काठमाडौंलाई अनुरोध गर्ने ।

६. जिल्ला भित्र हाईड्रोपावर, क्रशर उद्योग आदिमा रहेका अक्सिजन सिलिण्डरहरु नेपाल प्रहरी तथा गोरख बक्स गणको सहयोग र समन्वयमा संकलन गरी हाललाई DEOC अन्तर्गत रहने गरी सशस्त्र प्रहरी बल नेपाल बन्देउ र DEOC स्टोर चौतारामा राख्ने र आवश्यकता अनुसार जिल्ला तथा स्थानीय तहका संचालित आइसोलेशन कक्षहरुमा पठाउने व्यवस्था मिलाउने ।

७. चौतारा साँगाचोगढी न.पा. अन्तर्गत रहने गरी यस अघि चौतारा अस्पतालको एम्बुलेन्सलाई कोभिड-१९ डेडिकेटेड एम्बुलेन्सको रुपमा सञ्चालन भई आएकोमा आज देखी निम्न अनुसार एम्बुलेन्सहरुलाई कोभिड-१९ डेडिकेटेड एम्बुलेन्सको रुपमा सञ्चालन गर्ने ।

क. जल्किने क्षेत्रमा कदमबास स्वास्थ्य चौकीको एम्बुलेन्स

ख. मेलचौर चौतारा क्षेत्रमा मेलचौर एम्बुलेन्स संचालन समितिद्वारा संचालित एम्बुलेन्स ।

(बाबुराम खनाल)
स.प्र.जि.अधिकारी